# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, असार २९ गते, २०७६ साल (अतिरिक्ताङ्क १०

## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७६ सालको ऐन नं. ८**

# कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर तथा गैरकर राजश्व सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ को दफा १५ पछि देहायको दफा १५क थपिएको छः-**

"**१५क. प्राकृतिक स्रोत शुल्कः** (१) प्रदेशभित्र उत्पादन हुने सिमेन्टको हकमा प्राकृतिक स्रोत शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित स्थानीय तहले गर्नेछ र सो रकम विभाजित कोषमा जम्मा हुनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क दाखिला गर्नुपर्ने सिमेन्ट उद्योगले आफ्नो उत्पादनको अभिलेख स्वयं निष्काशन प्रणालीको आधारमा राखी बुझाउनु पर्ने रकम महिना समाप्त भएको मितिले पच्चिस दिन भित्र सम्बन्धित स्थानीय तहमा दाखिला गरी सोको विवरण समेत पेश गर्नु पर्नेछ। प्रदेश भित्र उत्पादन हुने सिमेन्टको हकमा प्राकृतिक स्रोत शुल्क लगाईने र असुल उपर गरिनेछ।

(४) उपदफा (२) बमोजिमको कार्यालयले यस दफा बमोजिम उठाएको प्राकृतिक स्रोत शुल्क मध्येबाट चालीस प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र साठी प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम राजस्व बाँडफाँटको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम बाँडफाँट भई स्थानीय तहले प्राप्त गरेको चालीस प्रतिशत राजस्व वातावरण संरक्षण तथा प्रदूषण न्यूनीकरण जस्ता कार्यमा खर्च गर्नु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम बाँडफाँट भई प्रदेश सरकारले प्राप्त गरेको साठी प्रतिशत राजश्व प्राकृतिक स्रोत उपयोग तथा उत्खनन् र सोको कारणबाट परेको असर र क्षति न्यूनीकरण गर्न प्रदेश सरकारले विशेष कार्यक्रम संचालन गरी खर्च गर्नु पर्नेछ।"

**प्रमाणीकरण मितिः २०७६।०३।२९**

**आज्ञाले,**

**विनोद प्रकाश सिंह**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-